# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

**खण्ड ३ बुटवल, आश्विन २७ गते, २०७६ साल संख्या ४**


बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## बुटवल उप-महानगरपालिका फोहरमैला व्यवस्थापन नियमावली, २०७६

**प्रस्तावना :**

फोहरमैलालाई स्रोतमै न्युनीकरण, पुनःप्रयोग, प्रशोधन वा उचित विसर्जन गरी उप-महानगरपालिका क्षेत्रभित्र फोहरको प्रभावकारी व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ,स्वस्थ र मनोरम वातावरण कायम गरी फोहर व्यवस्थापन गर्न सामुदायिक र निजी क्षेत्रसंगको सहकार्यलाई व्यवस्थित वनाउन वाञ्छनीय रहेकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) र बुटवल उपमहानगरपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०७४ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी बुटवल उप-महानगरपालिकाले यो नियमावली बनाएको छ ।

### परिच्छेद– १
### प्रारम्भिक :

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो नियमावलीको नाम फोहरमैला व्यवस्थापन नियमावली, २०७६  रहेको छ ।

(२) यो नियमावली नगरकार्यपालिकाको वैठकबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) “ऐन” भन्नाले वुटवल उप महानगरपालिकाको फोहरमैला व्यवस्थापन ऐन २०७४,सम्झनु पर्दछ ।

(ख) “उप-महानगरपालिका” भन्नाले बुटवल उप-महानगरपालिका सम्झनु पर्छ ।

(ग) “नगर कार्यपालिका” भन्नाले बुटवल उप महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(घ) “प्रमुख”भन्नाले बुटवल उप-महानगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बुटवल उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) “शुल्क” भन्नाले नगर सभावाट स्वीकृत सरसफाई तथा फोहर व्यवस्थापन सेवाशुल्क भन्ने सम्झनु पर्छ ।

(छ) “औद्योगिक प्रतिष्ठान”भन्नाले कुनै उद्योग,ब्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले कानून बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा यस्तै प्रकृतिको निकाय सम्झनु पर्दछ ।

(ज) “निष्कासन”भन्नाले फोहरमैला उत्पादन स्थलबाट उप-महानगरपालिकाले तोकेको स्थानमा जम्मा गरी राख्ने/बुझाउने वा निकाल्ने कार्य सम्झनु पर्दछ ।

(झ) “संकलन केन्द्र” भन्नाले घर-घरबाट निस्कने फोहरमैला संकलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न उप-महानगरपालिकाले तोकेको स्थान सम्झनु पर्दछ र घरघरमा फोहरमैला संकलन गर्न आउने उप-महानगरपालिकाले तोकेको फोहरमैला संकलक वा फोहरमैला संकलन गर्ने साधन समेतलाई जनाउँछ ।

(ञ) “फोहरमैला” भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रसायनिक फोहरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडेगलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका वस्तुहरु लगायत अनाधिकृत सार्वजनिक स्थलमा टाँसिएका पोष्टर,पम्प्लेट र उप महानगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(ट) “प्रशोधन” भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनुपर्दछ ।

(ठ) “फोहरमैला संकलन” भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घरघरबाट संकलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने,थुपार्ने,झारपात उखेल्ने तथा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टासिएका पोष्टर, पम्प्लेट हटाई संकलन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ड) “फोहरमैला व्यवस्थापन स्थल” भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नका लागि उप-महानगरपालिकाले तोकेको स्थल सम्झनुपर्दछ ।

(ढ) “विर्सजन” भन्नाले फोहरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनुपर्दछ ।

(ण) “सामुदायिक संस्था” भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानून बमोजिम स्थापित र सहभागितामूलक टोलविकास संस्था तथा उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनुपर्दछ ।

(त) “फोहरमैला संकलन तथा ढुवानी साधन” भन्नाले फोहरमैला संकलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनुपर्दछ ।

**३.फोहरमैला पृथकीकरण,न्यूनीकरण तथा व्यवस्थापन :**

(१) फोहर उत्पादन गर्ने व्यक्ति वा संस्थाले ऐनको दफा ५ बमोजिम कम्तीमा जैविक, अजैविक र अन्य गरी फोहरमैलालाई स्रोतमै छुट्याई हानिकारक वा रासायनिक फोहरमैलालाई छुट्टाछुट्टै संकलन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संकलन गरिएको रासायनिक वा हानिकारक फोहरमैला व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्पादकको नै हुनेछ ।

(३) नगरपालिकाले उपनियम(१)बमोजिम फोहरमैला स्रोतमै छुट्याउने,फोहरमैला उत्पादन स्रोतमै व्यवस्थापनको उपयुक्त प्रविधि अवलम्बन गर्ने सम्वन्धमा आवश्यक प्रविधि र कायक्रमहरु सञ्चालन गर्नेछ ।

(४) फोहर न्युनीकरणका लागि नगरपालिकाले आफै वा संघ संस्था वा निजी क्षेत्रसंगको सहकार्य वा साझेदारीमा पुन प्रयोगजन्य फोहर संकलन केन्द्र,कम्पोष्ट मल उत्पादन केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(५) संघ संस्था वा निजी क्षेत्रले फोहर न्युनीकरणका लागि कम्पोष्ट मल उत्पादन केन्द्र सञ्चालन गरी कम्पोष्ट मल विक्री वितरण गरेको अवस्थामा सन्तोषजनक विक्री नभएमा नगरपालिकाले प्रचलित बजार मूल्यमा खरिद गरी प्रयोग गर्न वा अनुदान समेतमा कृषकलाई वितरण गर्न सक्नेछ ।

**४.फोहरमैला पृथकीकरण तथा न्यूनीकरणमा टोल विकास संस्था/समुदायको भूमिका :**

(१) नगरपालिकाले सञ्चालन गरेको फोहरमैला पृथकीकरण तथा न्यूनीकरण अभियानमा टोल विकास संस्था र समुदायले सहयोग गर्नु पर्ने छ ।

(२) टोल विकास संस्थाले आफ्नो नियमित बैठकमा टोलको सरसफाई तथा फोहरमैला न्यूनीकरण तथा पृथकीकरणका बारेमा आवश्यक छलफल चलाउनु पर्नेछ ।

(३) टोल विकास संस्थाका सदस्य वा समुदायका सदस्य (प्रत्येक घरधनी, पसल वा उद्योग व्यवसायी) ले आफ्नो घर पसल वा उद्योगबाट निस्केको कुहिने र नकुहिने फोहरलाई अलग-अलग रुपमा संकलन गरी समय तालिका अनुसार फोहर लिन आउने ट्याक्टर/गाडी/ठेलामा राखि दिई पठाउनु पर्ने छ ।

(४) आफ्नो घर अगाडिको सडक, सार्वजनिक स्थल, मठ, मन्दिर मस्जिद, पार्क, खुला क्षेत्र, हाटबजार, चौपारी, कुलो नहर, नाली खोल्सी, नदी लगायतका कुनै पनि स्थलमा कुनै पनि प्रकारका फोहर नफ्याक्ने वा,नराख्ने ।

(५) आफ्नो टोल समुदायमा कोही कसैले फोहर जथाभावी फाल्ने, पान गुट्का खाई जथाभावी थुक्ने,फाल्ने,घर कम्पाउण्ड वा परिसरको दुषित पानी,छतको पानी वा ढल अन्य व्यक्तिको घर जग्गा वा सार्वजनिक स्थलमा वगाइ वा चुहाई प्रदुषित गर्ने गराउने गरेको पाइएमा उक्त कार्य नगर्न सचेत गराउने ।

(६) समुदायमा रासायनिक फोहर, विषादीजन्य फोहर, औद्योगिक फोहर तथा स्वास्थ्य संस्थाजन्य फोहर उत्पादन गर्ने संघ संस्था वा व्यक्तिलाई अलग्गै संकलन गरी स्वयं व्यवस्थापन गर्न अनुरोध गर्ने ।

(७) समुदायमा कोही कसैले अटेर गरी समुदायको सरसफाइ तथा फोहर न्युनीकरण तथा व्यवस्थापनमा वाधा पुर्‍याएमा कारवाहीको लागि समितिको निर्णय सहित नगरपालिकामा लिखित रुपमा जानकारी गराउने ।

(८) आफ्नो घर अगाडिको सडक, नाली,सार्वजनिक स्थल, खुला क्षेत्र,चौपारी लगायतका कुनै पनि स्थलमा व्यक्तिगत,निर्माणजन्य तथा व्यापारिक सामग्री नगरपालिकाको अनुमति विना नराख्ने/राख्न नदिने ।

**५.फोहरमैलाको निष्काशन** : (१) नगरपालिकाले फोहरमैला निष्काशनको समय, स्थान र तरिका निर्धारण गर्दा फोहरमैला ढुवानी, प्रशोधन र अन्तिम विसर्जनका लागि सजिलो हुने गरी निर्धारण गर्नु पर्नेछ ।

(२) नगरपालिकाले प्रशोधन स्थलमा लैजानु पर्ने फोहरमैलाका लागि छुट्टै समय, स्थान र तरिका समेत निर्धारण गर्न सक्नेछ ।

(३) नगरपालिकाले (१) र (२) बमोजिम फोहरमैला निष्काशन तथा सोको व्यवस्थापनका लागि समय, स्थान र तरिका निर्धारण गर्दा जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसका न्युनीकरणका उपायहरुमा समेत ध्यान दिनु पर्नेछ ।

**६. हानिकारक वा रासायनिक फोहरमैला निष्काशन तथा व्यवस्थापन** : (१) हानिकारक वा रासायनिक फोहरमैला अन्य साधारण फोहरमैलासँग मिसाई निष्काशन गर्न पाइने छैन ।

(२) हानिकारक,रासायनिक,जैविक वा अजैविक फोहरमैला प्रशोधन गरी सामान्य फोहरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्काशनको व्यवस्था गर्नु पर्नेछ ।

(३) हानिकारक,रासायनिक,जैविक वा अजैविक फोहरमैला व्यवस्थापन गर्ने दायित्व भएका व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला उत्पादन,प्रशोधन,निष्काशन तथा व्यवस्थापन गर्न नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ । यसरी स्वीकृति लिएपछि फोहरमैला व्यवस्थापन गर्दा अपनाइने तरिका,मापदण्ड, विधि, प्रविधि र व्यवस्थापन स्थलको सम्बन्धमा नगरपालिकालाई जानकारी गराई सोको अभिलेख राख्नु पर्नेछ ।

(४) नगरपालिकाले उपनियम (३) बमोजिमको स्वीकृति दिंदा स्वीकृतिको लागि पेश गरिएको विधि र प्रविधि नगरपालिका र प्रचलित कानूनले तोकेको मापदण्ड अनुकूल भए नभएको एकिन गरी स्वीकृति दिनुपर्नेछ ।

(५) नगरपालिकाले उपनियम (३) बमोजिम स्वीकृति लिने व्यक्ति, संस्था वा निकायले हानिकारक, रासायनिक, साधारण फोहरमैला व्यवस्थापन गर्न लिएको स्वीकृति बमोजिमको तरिका, मापदण्ड,विधि,प्रविधि र व्यवस्थापन स्थल अनुसार व्यवस्थापन गरे नगरेको अनुगमन गर्नेछ ।

(६) प्रशोधन पश्चातको हानिकारक, रासायनिक, साधारण फोहरमैला नगरपालिका मार्फत व्यवस्थापन गर्नु पर्ने भएमा फोहरमैला व्यवस्थापनको दायित्व भएको व्यक्ति, संस्था वा निकायले नगरपालिकालाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भै आएमा नगरपालिकाले सेवाशुल्क लिई उक्त फोहर व्यवस्थापन गर्न सक्नेछ ।

(७) हानिकारक, रासायनिक, साधारण फोहरमैलाको संकलन, भण्डारण तथा स्थानान्तरण गर्दा सुरक्षित विधि अवलम्बन गर्नु पर्नेछ ।

(८) हानिकारक,रासायनिक,साधारण फोहरमैला प्रशोधन गर्दा त्यस्तो फोहरमा रहेका हानिकारक तत्व नष्ट हुने गरी गर्नु पर्नेछ र सामान्य फोहरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्काशन तथा विसर्जनको व्यवस्था गर्नु पर्नेछ ।

(९) हानिकारक, रासायनिक, साधारण फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला व्यवस्थापन सम्बन्धमा नगरपालिका र प्रचलित कानूनले निर्धारण गरेको मापदण्ड र प्रचलित वातावरणीय कानूनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

७ .**फोहरमैला ढुवानी सम्वन्धी व्यवस्थाः**(१) नगरपालिकाले वा नगरपालिकाले फोहरमैला व्यवस्थापनको जिम्मा दिएका संघसंस्था वा निजी क्षेत्रले फोहरमैला ढुवानी गर्दा देहाय बमोजिम हुनेगरी ढुवानी साधनको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) फोहर नदेखिने, नझर्ने तथा झोल पदार्थ नचुहिने र दुर्गन्ध नफैलिने,

(ख) फोहरमैलाबाट गन्ध र लिचेट बाहिर ननिस्कने,

(ग) फोहरमैला सजिलैसँग राख्न र निकाल्न सकिने,

(घ) सडकको क्षमता तथा अवस्थाको अनुकूल हुने ,

(ङ) वातावरणमैत्री हुनु पर्ने ,

८. **सेवा शुल्क संकलन तथा वांडफांड सम्बन्धी ब्यवस्थाः**

(१) फोहर संकलन ,सरसफाई तथा ढुवानी व्यवस्थापन गरेवापत संवन्धित क्षेत्रका सेवाग्राही उपभोक्ताहरुले नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए अनुसारको दर रेटमा सरसफाई तथा फोहर व्यवस्थापन सेवाशुल्क बुझाउनु पर्नेछ ।

(२) उपनियम (१)मा भएको व्यवस्था अनुसार उक्त सेवा शूल्क नगरपालिका आफैले वा नगरपालिकाद्वारा अनुमति प्राप्त टोल विकास संस्था ,संघसंस्था वा निजी क्षेत्रले उठाउन सक्नेछ ।

(३) उपनियम (२) अनुसार सेवाग्राहीबाट संकलित सेवा शुल्कको बाँडफाँड संवन्धित पक्षहरुसंग संझौता भए बमोजिम हुनेछ ।

(४) टोल विकास समिति,गैर नाफामूलक संघ संस्था वा निजी क्षेत्रले असुली गर्ने सेवा शूल्क संकलनको लागि आवश्यक नगदी रसिद स्वयं छपाई,नगरपालिकाबाट प्रमाणित गराइ प्रयोग गर्नुपर्नेछ ।

(५) तोकिए वमोजिम फोहर व्यवस्थापन सेवा शुल्क तोकिएको समयमै भुक्तानी गर्नु सेवाग्राही उपभोक्ताहरुको कर्तव्य हुनेछ । तोकिए वमोजिम सेवा शुल्क भुक्तानी नगर्ने सेवाग्राहीलाई उप महा न.पा.वाट उपलव्ध गराइने सेवा सुविधा समेत रोक्का गर्न सकिने छ ।

९. **फोहरमैला व्यवस्थापन स्थलको सञ्चालनः**

(१) नगरपालिकालेफोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा देहायका विषयमा ध्यान पुऱ्याउनु पर्नेछ ।

(क) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा निस्कने लिचेट, ग्यास र दुर्गन्ध लगायतका कारणबाट त्यसक्षेत्रको वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण,

(ख) फोहरमैला व्यवस्थापन स्थलसञ्चालनको समयमा सो स्थानमा आवतजावत बन्द गर्नु पर्ने र सो सम्बन्धमा अपनाउनु पर्ने सचेतना सम्बन्धी विषय ।

(२) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन सम्वन्धी अन्य व्यवस्था नगरकार्यपालिकाले सो सम्बन्धमा निर्णय गरे बमोजिम हुनेछ ।

**१०.फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चातको व्यवस्थापनः**

(१) फोहरमैला व्यवस्थापन स्थल बन्द गरे पश्चातको व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) फोहरमैला व्यवस्थापनस्थल बन्द पश्चात निश्चित समयसम्म सो स्थलमा आवतजावत बन्द गर्नु पर्ने र अपनाउनु पर्ने सचेतना सम्वन्धी विषयहरु अवलम्बन गर्ने,

(ख) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात सोको व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुने छ ।

**११. फोहरमैला व्यवस्थापन कार्यमा टोल विकास संस्था,सहकारी,सामुदायिक तथा गैर सरकारी संस्थाको संलग्नताः**

(१) ऐनको दफा ५ को उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले फोहरमैला स्रोतमै छु ट्याउने, स्रोतमै न्यनूनीकरण गर्ने,फोहरमैलाको पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग सम्बन्धमा फोहरमैला उत्पादन गर्ने कम्पनी, संस्था तथा निकायलाई सशक्तीकरण गर्न र फोहरमैला व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गराउने कार्यमा टोलविकास संस्था,सहकारी,सामुदायिक तथा गैर सरकारी संस्था वा सरकारी संस्थालाई परिचालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यका लागि नगरपालिकाले,फोहरमैला व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सामुदायिक एवं गैर सरकारी संस्थाको सूची तयार गर्नु पर्नेछ ।

**१२. मापदण्डको पालनाः** (१) फोहरमैला व्यवस्थापन स्थल वा प्रसोधन स्थल प्रयोग गर्न वा स्वयम् निर्माण गरी सञ्चालन गर्न नगरपालिकाबाट स्वीकृति प्राप्त गरेको टोल विकास संस्था,सहकारी,सामुदायिक तथा गैर सरकारी संस्था वा निजी क्षेत्रले नगरपालिकाले तोकेको मापदण्ड तथा शर्तहरुको अधीनमा रही कार्य गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्वीकृति प्राप्त संघ संस्था वा निजी क्षेत्रले नगरपालिकाले तोकेको मापदण्ड तथा निर्देशनको पालना नगरेमा स्वीकृति रद्द गर्न सक्नेछः-

(क) उपनियम (२) बमोजिम स्वीकृति रद्ध गर्नु पूर्व नगरपालिकाले स्वीकृति प्राप्त संघ संस्था वा निजी क्षेत्रको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यको अनुगमन गर्दा नगरपालिकाले तोकेको मापदण्ड र निर्देशनको पालना नगरेको पाइएमा त्यस्तो संघसंस्था वा निजी क्षेत्रलाई पहिलो पटकको लागि साठी दिनसम्मको म्याद दिई सुधार गर्न निर्देशन दिने,

(ख) खण्ड (क) बमोजिमको निर्देशन बमोजिम आंशिक सुधार गरी थप समय माग गरेमा नगरपालिकाले बढीमा ३० दिन सम्मको समय थप गर्न सक्ने,

(ग) खण्ड (क) वा (ख) बमोजिमको अवधिभित्र नगरपालिकाले दिएको निर्देशन बमोजिम सम्वन्धित संस्थाले सुधार नगरेमा त्यस्तो संस्थाले पाएको स्वीकृति रद्द गर्न सक्नेछ ,

(घ) नगरपालिकाले खण्ड (ग) बमोजिम स्वीकृति रद्द गरेको जानकारी सम्बन्धित संस्था र सरोकारवाला समेतलाई दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वीकृति रद्द भएको अवस्थामा उक्त रद्ध हुने संस्थाले सर्त प्रावधान बमोजिम काम नगरेको कारणले कसैलाई हानी नोक्सानी भएको पाइएमा त्यस्तो हानी नोक्सानी उक्त संस्थाले व्यहोर्नु पर्नेछ । साथै त्यस्तो संस्थाले नगरपालिकालाई बुझाउनु पर्ने कुनै रकम बाँकी रहेको भए सो समेत बुझाउनु पर्ने छ । अन्यथा नगरपालिकाले असुलउपर गर्नेछ ।

१३. **अनुमतिपत्रका लागि निवेदन दिने** : (१) फोहरमैला व्यवस्थापन गर्न चाहने कम्पनी,संघसंस्था,समुदाय वा निकायले अनुसूची १ बमोजिमको ढाँचामा आवश्यक कागजात तथा नगरपालिकाले तोकेको दस्तुर संलग्न गरी ऐनको दफा ११ को उपदफा २ मा उल्लेखित विवरणका अतिरिक्त देहायका विवरण खुलाई नगरपालिकामा अनुमतिपत्रका लागि निवेदन दिनु पर्नेछः-

(क) फोहरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक स्रोत, जनशक्ति,

(ख) फोहरमैला संकलन तथा ढुवानी साधन, कार्य अनुभवको विवरण,

(ग) फोहरमैला व्यवस्थापन गर्न चाहेको कार्यक्षेत्र,

(घ) फोहरमैला संकलन,स्थानान्तरण,प्रशोधन र अन्तिम विसर्जन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्था,

(ङ) फोहरमैला व्यवस्थापन गर्ने विधि र तरिका,

(च) सामाजिक दायित्व पुरा गर्ने सम्बन्धमा प्रस्तावित व्यवस्था,

(छ) फोहरमैला व्यवस्थापन गर्न चाहेको समय र अवधि,

(ज) फोहरमैला उत्पादकले बहन गर्नु पर्ने दायित्व र तिर्नु पर्ने शुल्क,

(झ) निवेदकले नगरपालिकालाई बुझाउन प्रस्ताव गरेको रकम ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा फोहरमैला व्यवस्थापन व्यावसायिक रुपमा गर्ने हो वा नाफा कमाउने उद्देश्य नराखी सामुदायिक वा सामाजिक रुपमा गर्नेहो सो कुरा स्पष्ट खलाउनु पर्नेछ ।

१४. **अनुमति पत्र दिन सक्ने** :(१) नियम १३ बमोजिमको निवेदन साथ प्राप्त हुन आएको कागजात तथा विवरण उपर नगरपालिकाले आवश्यक छानविन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त कागजात तथा विवरण उपर छानविन गर्दा आवश्यक कागजात तथा विवरण पेश नगरेको पाइएमा त्यस्तो कागजात तथा विवरण पेश गर्न सम्बन्धित निवेदकलाई पन्ध्र दिनको म्याद तोकी निवेदन परेको मितिले सात दिनभित्र सूचना दिनु पर्नेछ ।

(३) उपनियम(२) बमोजिम कुनै कागजात तथा विवरण पेश गर्न नगरपालिकाले म्याद तोकी सूचना दिएकोमा त्यस्तो कागजात प्राप्त भएपछि नगरपालिकाले आवश्यक छानविन गरी स्वीकृति प्रदान गर्न उपयुक्त देखिएमा नगरपालिकाले निर्धारण गरेको शुल्कलिई अनुसूची-२ बमोजिमको ढाँचामा ३० दिनभित्र निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ ।

(४) निवेदकलाई अनुमतिपत्र दिन उपयुक्त नहुने देखिएमा कारणसहित१५ दिनभित्र सो को जानकारी दिनु पर्नेछ ।

(५) नगरपालिकाले अनुमतिपत्र दिँदा व्यावसायिक र गैर व्यावसायिक रुपमा फोहरमैला व्यवस्थापन गर्न छुट्टाछुट्टै अनुमतिपत्रको व्यवस्था गर्न सक्नेछ ।

(६) अनुमतिपत्रको अवधि पाँच वर्षको हुनेछ ।

**१५. अनुमति पत्र रद्द गर्न सक्ने** :नगरपालिकाले नियम १४ बमोजिम दिएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) अनुमति पत्रमा उल्लेखित शर्त उल्लंघन गरेमा,

(ख) तोकिएको मापदण्ड बमोजिम फोहरमैला व्यवस्थापन नगरेमा,

(ग) प्रचलित वातावरणीय कानून विपरीत गरेमा,

(घ) नवीकरण नगरेमा ।

**१६.अनुमति पत्रको नवीकरण सम्बन्धी व्यवस्थाः** (१) नियम १४ बमोजिम अनुमतिपत्र प्राप्त कम्पनी, सामुदायिक संघसंस्था वा निकायले अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा ६ महिना अगावै नगरपालिकाले तोके बमोजिमको दस्तुर संलग्नगरी अनुसूची-३ बमोजिमको ढाँचामा अनुमतिपत्र नवीकरणका लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश हुन आएकोनिवेदन सम्वन्धमा नगरपालिकाले म्याद सकिनु भन्दा ३ महिना अगावै निर्णय गरिसक्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर छानविन गरी नगरपालिकाले अनुमति पत्रको नवीकरण गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा वा अनुमतिपत्र नवीकरण नहुने भएमा सो अनुमतिपत्र म्याद सकिएको मितिबाट रद्द भएको मानिनेछ । अनुमतिपत्र नवीकरण नहुने अवस्थामा नगरपालिकाले म्याद सकिनु भन्दा ३ महिना अगावै फोहरमैला व्यवस्थापनको लागि अनुमति पत्र सम्बन्धी आवश्यक कारवाही अगाडि बढाउनु पर्नेछ ।

**१७. सेवा शुल्क छुट दिन सकिनेः** (१) नगरपालिकाले निर्धारण गरेको फोहर व्यवस्थापन सम्वन्धी सेवा शुल्क तिर्न/बुझाउन नसक्ने विपन्न वर्गको हकमा फोहर उत्पादकको आर्थिक अवस्थालाई विचार गरी ५० प्रतिशतसम्म छुट दिन सक्नेछ ।

(२) नगरपालिकाले प्रत्येक वर्ष विपन्न वर्गको पहिचान गरी सो वर्गको सुची सार्वजनिक गर्नु पर्नेछ । निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ, संस्था मार्फत फोहरमैला व्यवस्थापन गर्दा सम्झौता गर्नु पूर्व नै विपन्न वर्ग तोक्नु पर्नेछ ।

(३) फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा स्रोतमा नै न्यूनीकरण गर्ने कार्यमा संलग्न घर धनीलाई नगरपालिकाले निर्धारण गरेको सेवा शुल्क छुट दिन सक्नेछ ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "विपन्न वर्ग" भन्नाले नगरपालिकाबाट निर्धारित सेवा शुल्क पूर्ण रुपमा तिर्न नसक्ने भनी सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ ।

**१८. फोहरमैला व्यवस्थापन अनुगमन सम्वन्धी व्यवस्थाः**

(१) नगरपालिका क्षेत्रभित्रको फोहरमैला व्यवस्थापन अनुगमन गर्नका लागि नगरपालिकामा एक नगर स्तरीय अनुगमन समिति रहने छ ।

(२) उपनियम १ बमोजिमको समितिमा देहायका सदस्यहरु रहने छन् :

क. उपमहानगर पालिकाको उपप्रमुख - संयोजक

ख. उपमहानगर पालिका वातावरण समितिको संयोजक - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ. वातावरण तथा अनुगमन महाशाखा प्रमुख -सदस्य

ङ. सहरी पूर्वाधार विकास महाशाखा प्रमुख - सदस्य

च. सरसफाई तथा वातावरणको क्षेत्रमा क्रियाशील कार्यपालिकाले मनोनयन गरेका एक जना महिला सहित २ जना -सदस्य

छ. सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(३) समितिले अनुगमनका सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ,व्यवशायी संघसंस्थाका प्रतिनिधिलाई समेत अनुगमनमा संलग्न गराउन सक्नेछ ।

**१९. बैठक तथा अनुगमन सम्वन्धी सेवा सुविधाः**

१. अनुगमनको सिलसिलामा फिल्ड जाँदा पदाधिकारीहरुले कार्यालयमा रहेका सवारी साधनको प्रयोग गर्नु पर्ने छ तर कार्यालयमा सवारी साधन नभएमा वा पर्याप्त नभएमा आवश्यक पर्ने सवारी साधनको व्यवस्था कार्यालयले मिलाउनु पर्ने छ । व्यक्तिगत ढंगले व्यवस्था गरिएको सवारी साधनको कार्यालयवाट भुक्तानी गरिनेछैन ।

२. अनुगमन समितिको वैठक वस्दा वा अनुगमनमा जाँदा समितिका पदाधिकारीहरु एवं आमन्त्रित कर्मचारी वा विषयविज्ञले नगर सभाले तोकेको दरमा वैठक तथा अनुगमन भत्ता पाउने छन् । एकै दिनमा एक भन्दा बढी पटक अनुगमनमा खटिएको अवस्थामा समेत एक पटकको मात्र भत्ता उपलब्ध हुनेछ । विहान ९ वजे भन्दा अगाडि देखि अनुगमनमा खटिदा खाजा र खाना दुवै र ९ वजे पछि खाजाको मात्र व्यवस्था कार्यालयबाट हुनेछ ।

**२०.नियम १८ अनुसार गठित फोहरमैला व्यवस्थापन अनुगमन समितिको काम कर्तव्य र अधिकारः**

(१) समितिले देहायका विषयमा अनुगमन गर्न सक्ने छ :

(क) फोहरमैला स्रोतमै घटाउने उपायहरु तथा प्रविधिको अवलम्बन गरे नगरेको,

(ख) फोहरमैलाको न्युनीकरणका लागि फोहरको पुनःप्रयोग तथा पुनचक्रीय प्रयोग सम्बन्धी नगरपालिकाले तोकेको विधि अवलम्बन भए नभएको,

(ग) फोहरमैला स्रोतमै छुट्याए, नछुट्याएको र छुट्याइएको फोहरमैला तोकिएको स्थान, समय र तरिका बमोजिम निस्काशन गरे नगरेको,

(घ) फोहरमैला व्यवस्थापन सम्वन्धमा नगरपालिकाबाट तोकिएका कुराहरुको पालना भए नभएको,

(ङ) फोहरमैला व्यवस्थापनको नियमितता र प्रभावकारिता,

(च) तोकिएको सेवाशुल्क संकलन र व्यवस्थापन ।

(२) समितिले फोहरमैला व्यवस्थापनको क्षेत्रमा सुधार गर्न नगरपालिकालाई सुझाव दिन सक्ने छ ।

(३) फोहरमैला व्यवस्थापनको क्षेत्रमा खटिएका कर्मचारी,अनुमति प्राप्त संघसंस्था,निजी क्षेत्रलाई तोकिएको जिम्मेवारी पुरा गर्न आवश्यक निर्देशन गर्ने ।

(४) आफ्नो कार्यविधि अफै तयार गर्ने ।

**२१. फोहरमैला व्यवस्थापन र अनुगमन गर्नका लागि नगरपालिकाका प्रत्येक वडामा वडा स्तरीय सरसफाई तथा अनुगमन समिति रहने ।**

(१) नियम २० अनुसार गठित सरसफाई तथा अनुगमन समितिमा देहाए अनुसार सदस्यहरु रहने छन् :

क. सम्वन्धित वडाका वडा अध्यक्ष - संयोजक

ख. नगरपालिकाको सरसफाइ शाखा प्रमुख - सदस्य

ग. टोल विकास संस्थाका अध्यक्ष मध्येबाट वडा समितिले मनोनित एकजना महिला सहित २ जना -सदस्य

घ. वडा सदस्यहरु ४ जना - सदस्य

ङ. संवन्धित वडा भित्र रहेको खानेपानी तथा सरसफाइ समितिका सदस्यहरु मध्ये वडा समितिले मनोनित गरेको १ जना - सदस्य

च. वडा सचिव -सदस्य सचिव

**(२) वडा स्तरीय सरसफाई तथा अनुगमन समितिको काम कर्तव्य र अधिकारः**

(क) आफ्नो वडाभित्रका सडक,सार्वजनिक स्थल,कुलो,खोल्सी तथा मठ मन्दिर सफा राख्न आवश्यक व्यवस्था मिलाउने,

(ख) स्थानीय वासिन्दाहरुलाई फोहरमैला स्रोतमै घटाउने उपायहरु तथा प्रविधिको विषयमा जानकारी दिन आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ग) जथाभावी फोहर फ्याक्ने, घर कम्पाउण्ड वा परिसरको दुषित पानी,छतको पानी वा ढल अन्य व्यक्तिको घर जग्गा वा सार्वजनिक स्थलमा चुहाई प्रदुषित गर्ने व्यक्तिलाई कार्यवाहीका लागि नगरपालिकामा सिफारिस गर्ने,

(घ) फोहरमैलाको न्यूनीकरणका लागि फोहरको पुनःप्रयोग तथा पुनचक्रीय प्रयोग सम्बन्धी नगरपालिकाले तोकेको विधि अवलम्बन भए नभएको विषयमा अनुगमन गर्ने,

(ङ) फोहरमैलालाई स्रोतमै छुट्याए, नछुट्याएको र छुट्याइएको फोहरमैला तोकिएको स्थान, समय र तरिका बमोजिम निस्काशन गरे नगरेको जानकारी नगरस्तरीय अनुगमन समितिलाई गराउने ,

(च) फोहरमैला व्यवस्थापनको क्षेत्रमा सुधारका लागि आवश्यक सुझाव नगरपालिकालाई दिने ,

**२२. स्थानीय पाठ्यक्रमा समावेश गर्न सक्नेः**

(१) नगरक्षेत्रको फोहरमैला दिगो व्यवस्थापनका लागि नगरपालिकाले फोहरमैला व्यवस्थापन सम्वन्धी विषय स्थानीय पाठ्यक्रमा समावेश गर्न सक्नेछ ।

**२३.पुरस्कार एवं प्रोत्साहन सम्वन्धी व्यवस्थाः**

(१) सरसफाइ तथा फोहर व्यवस्थापनको क्षेत्रमा अनुकरणीय कार्य गरी महत्वपूर्ण योगदान पुऱ्याउने, निजी क्षेत्र, सामुदायिक संघसंस्था, टोलविकास समिति, वडाकार्यालय, पत्रकार र व्यक्ति समेतलाई नगरपालिकाले पुरस्कृत एवं प्रोत्साहन गर्न सक्ने छ ।

(२) पुरस्कार एवं प्रोत्साहन नगद,जिन्सी वा प्रशंसा पत्रको रुपमा हुनेछ ।

(३) पुरस्कार एवं प्रोत्साहन सम्वन्धी मापदण्ड तयार गरी पुरस्कार एवं प्रोत्साहनका लागि सिफारिस गर्न देहाय अनुसारको समिति रहने छ ।

क. प्रमुख प्रशासकीय अधिकृत-संयोजक

ख. वतावरण समितिको संयोजक-सदस्य

ग. वातावरण तथा अनुगमन महाशाखा प्रमुख -सदस्य सचिव

(४) समितिले आफ्नो कार्यविधि आफै तयार गर्ने छ ।

२४. **कसुर र दण्ड सजाँयः** कसुर र दण्ड सजाँय सम्वन्धी व्यवस्था बुटवल उप-महानगरपालिका फोहरमैला व्यवस्थापन ऐन, २०७४ अनुसार हुनेछ ।

२५. **संसोधन,व्याखा,खारेजी र वचाउ :** यस नियमावलीको संसोधन,व्याख्या,खारेजी तथा अनुसूचीहरु **हेरफेर वा थपघटको संपूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।**

अनुसूची-१

नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

श्री......................................... ज्यू ,
बुटवल उप-महानगरपालिका,
नगरकार्यपालिकाको कार्यालय
बुटवल,रुपन्देही ।

विषयः- फोहरमैला व्यवस्थापन गर्न अनुमति पाऊँ ।

म/हामी/संस्था.........................................................ले यस उप-महानगरपालिका अन्तर्गतका ......................वडाहरुमा फोहरमैला व्यवस्थापन गर्न चाहेकोले देहायको विवरण खोली उक्त क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न बुटवल उपमहानगरपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०७४को दफा ११ को उपदफा (२) र फोहरमैला व्यवस्थापन नियमावली, २०७६ को नियम १३ को उपनियम (१) बमोजिम अनुमतिपत्र पाउन यो निवेदन पेश गरेको छु ।
विवरण:

१. फोहरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक स्रोत,
२. फोहरमैला व्यवस्थापन गर्न चाहेको क्षेत्र, जनशक्ति, संकलन तथा ढुवानी साधन र कार्य अनुभवको विवरण,
३. फोहरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्था,
४. फोहरमैला व्यवस्थापन गर्ने तरिका एवं विधि,
५. फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,
६. फोहरमैला व्यवस्थापनमा प्रयोग गने प्रविधि,
७. कर चुक्ता गरेको प्रमाणपत्र,
८. संस्था/फम/कम्पनी दर्ता /नवीकरण ।

निवेदक:
हस्ताक्षर
नाम थर/संस्था
ठेगाना
मितिः

अनुसूची-२
(नियम १४ को उपनियम (३) संग सम्बन्धित)

श्री ........................................
...................................................

विषयः- अनुमतिपत्र ।

......... .................ले रुपन्देही जिल्ला बुटवल उप-महानगरपालिका वडा नं. ............को क्षेत्रभित्रको फोहरमैला व्यवस्थापन गर्न अनुमति माग गरी यस कार्यालयमा पेश गर्नु भएको मिति ............... को निवेदन प्रस्ताव र मिति ...............को न.पा.को निर्णयवाट संम्झौतामा उल्लेखित शर्त एवं प्रचलित कानूनको अधीनमा रही बुटवल उपमहानगरपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०७४ को दफा ११ को उपदफा (२) र फोहरमैला व्यवस्थापन नियमावली, २०७६ को नियम १४ को उपनियम (३) बमोजिम तोकिएको क्षेत्र भित्रको फोहरमैला व्यवस्थापन गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

अनुमति पत्र प्रदान गर्ने अधिकारी
दस्तखतः
नामः
मितिः

अनुसूची-३
(नियम १६ को उपनियम(१) संग सम्बन्धित)

श्री कार्यालय प्रमुखज्यू
बुटवल उप-महानगरपालिका,
नगरकार्यपालिकाको कार्यालय
बुटवल,रुपन्देही ।

विषयः- अनुमति पत्र नवीकरण गरी पाऊँ ।

बुटवल उप-महानगरपालिका अन्तर्गत,......................क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न तहाँ कार्यालयवाट मिति २०../..../......मा अनुमति प्राप्त भएकोमा उक्त अनुमति पत्रको म्याद मिति................सम्म मात्र रहेको छ । अनुमति पत्र बमोजिमको कार्य वाँकी अवधि सहित आगामी दिनमा समेत गर्न चाहेकोले फोहरमैला व्यवस्थापन नियमावली, २०७४ को नियम १६ बमोजिम मिति ............देखि ..............सम्मका लागि नियमानुसारको दस्तुर लिई उक्त अनुमतिपत्र नवीकरणका लागि यो निवेदन पेश गरेको छु ।

निवेदक :
हस्ताक्षरः
नाम, थरः
संस्थाः
पदः
ठेगानाः
मितिः

**आज्ञाले**
**चक्रपाणी शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणीकरण मितिः २०७६/०६/२७